आज मिति २०७६ चैत्र १6 गते यस वेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको वैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा बसि निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी

२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल

३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ

४. वडा अध्यक्ष श्री टंक बहादुर थापा

५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी

६. वडा अध्यक्ष श्री गुणराज उप्रेती

७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल

८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर

९. वडा अध्यक्ष श्री हिरालाल थपलिया

१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ

११. वडा अध्यक्ष श्री सुरेश मल्ल

१२. वडा अध्यक्ष श्री अम्वर बहादुर गुरुङ

१३. कार्यपालिका सदस्य श्री कमला राना मगर

१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर

१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती

१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी

१७. कार्यपालिका सदस्य राम बहादुर वराम

१८.प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत

लेखा अधिकृत श्री सन्तोष अर्याल

स्वास्थ्य संयोजक श्री शंकरवावु दुवाडी

सुचना अधिकारी श्री परशुराम घिमिरे

Scanned with CamScanner

निर्णय नं.१
कोरोना भाइरस (कोभिड १९) रोकथाम, नियन्त्रण तथा आवश्यक व्यवस्थापनकोलागि उद्धार राहत तथा पुनस्थापना खर्च शिर्षकमा विनियोजित रकमवाट खर्चहुने गरी प्रत्येक वडा लाई निम्न कर्मचारीहरुको नाममा रु ९०,०००।- का दरले पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १. निर्मला भुजेल | वडा नं. १ | २. सरस्वती वि.क. | वडा नं. २ |
| ३. सन्जय सापकोटा | वडा नं. ३ | ४. रमेश कुमार कडेल | वडा नं. ४ |
| ५. यम कुमारी श्रेष्ठ | वडा नं. ५ | ६. रविन्द्र प्रसाद कडेल | वडा नं. ६ |
| ७. विष्णु प्रसाद थपलिया | वडा नं. ७ | ८. विष्णु प्रसाद थपलिया | वडा नं. ८ |
| ९. जुना श्रेष्ठ | वडा नं. ९ | १०. राधिका रिजाल | वडा नं. १० |

११ कार्यपालिकावाट हुने विभिन्न खर्च व्यवस्थापनको लागि ना.सु. श्री परशुराम घिमिरेलाई रु ५०००००।-

निर्णय नं.२
कोरोना भाइरस (कोभिड १९) वाट प्रभावित समुदायहरुलाई राहत उपलव्ध गराउनु पर्ने अवस्थामा यस गाउपालिकामा एक द्धार प्रणली अवलम्वन गर्ने र कुनै व्यक्ति तथा सस्थालाई गाउपालिकाको अनुमती लिएरमात्र राहत वितरण गर्न अनुरोध गर्ने साथै राहत वितरण प्रकृयालाई सहज वनाउन प्रत्येक वडामा वडालाई पायक पर्ने क्षेत्रका सप्लायर्स हरुसंग सामान खरिद गरी राहत वितरण गर्ने र लकडाउनका कारण पर्न सक्ने खाद्य संकटलाई मध्यनजर गरी गाउपालिकाले कम्तिमा ७ दिनको सूचना दिई विभिन्न फर्मवाट कोटेशन माग गरी ३००० वोरा सोना मन्सुली चामल खरिद गरी मौज्दात राख्ने निर्णय गरियो ।

निर्णय नं.३
कोरोना भाइरस (कोभिड १९) को नियन्त्रण तथा आपतकालिन कार्य सञ्चालनको लागि तत्काल खरिद गर्नु पर्ने भै खरिद भएको निम्नानुसारको सामग्रीहरुको विल उद्धार राहत तथा पुनस्थापना खर्च शिर्षकमा स्वीकृत रकमवाट भुक्तानी दिने निर्णय गरियो ।

१. औषधि जन्य इक्युपमेन्ट तथा औजार श्री प्रेम इन्टरनेशनल रु ४,५४,६१३।-
२. वेड तथा वेडका सामग्री सर्जिकल कन्सर्न ४,५२,०००।-
३. सेनिटाइजर श्री सोलुसन हर्वल रु ७५०००।-
४. मास्क, ट्याङकी लगायत विविध खर्च रु ८८,०००।-

निर्णय नं. ४
गाउपालिकाको चालु खर्च तर्फ पुस्तक तथा सामग्री खर्चमा विनियोजित रु २०,००,०००।- लाई गाउपालिकाको स्वास्थ्य उप शिर्षक औषधि खरिदमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
भारत लगायत अन्य मुलुकवाट यहि २०७६ चैत्र महिनामा घर आएका नागरिकहरुको नाम नामेसि सहितको अभिलेख प्रत्येक दिन अध्यावधिक गरी गाउपालिकामा उपलव्ध गराउन प्रत्येक वडालाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ६
कोरोना भाइरस (कोभिड १९)को महामारीले भएको लकडाउनको कारण दैनिक ज्यालामजदुरी गरी खाने समुदाय प्रत्यक्ष प्रभावमा परेकाले यस गाउपालिकामा भएका लकडाउनको कारण ज्याला मजदुरी गर्न नपाई विहान वेलुकाको खानाको लागि खाद्यान्न संकट भै समस्यामा परेका नागरिकहरुको अभिलेख लिई आवश्यक व्यवस्थापन गर्ने र त्यसको जानकारी गाउपालिकालाई गर्न प्रत्येक वडालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७
यस वेनीघाट रोराङ गाउपालिकाको नाममा प्रभु वैक वेनीघाट शाखामा प्रमुख प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई र लेखा अधिकृत श्री सन्तोष अर्यालको संयुक्त दसतखतवाट सञ्चालन हुने गरी विपद तथा राहत कोष खाता र कार्य सञ्चालन कोष खाता (विविध खाता) सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८
यस वेनीघाट रोराङ गाउपालिकाको योजना तथा कार्यक्रमहरुमा ३ प्रतिशत कन्टिजेन्सी कट्टा गर्ने गरिएकोमा सो रकम मध्येवाट १ प्रतिशत विपद तथा राहत कोष खातामा जम्मा गर्ने र वाकी २ प्रतिशत रकम योजनाको व्यवस्थापन लगायतमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ९
यस वेनीघाट रोराङ गाउपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरु (सवै पदाधिकारीहरु)को सेवा सुविधा उपलब्ध हुदा २०७६ चैत्र महिनाको सुविधाको ५० प्रतिसत रकम र यस गाउपालिका कोषवाट तलव भत्ता प्राप्त गर्ने अधिकृत स्तरका कर्मचारीको ५ दिनको र सहायक स्तर कर्मचारीको ३ दिनको तलव चैत्र महिनाको तलव वाट कट्टा गरी विपद तथा राहत कोष खातामा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. १०
यस वेनीघाट रोराङ गाउपालिकाका कोरोना भाइरस (कोभिड १९) वाट प्रभावित व्यक्तिहरुलाई राहत सहयोग गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुलाई यस गाउपालिकाको प्रभु वैक वेनीघाट शाखामा सञ्चालन हुने विपद तथा राहत कोषमा रकम जम्मा गर्न आव्हान गर्ने निर्णय गरियो साथै नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई कडाईका साथ कार्यान्वयन गर्न समस्त वेनीघाट रोराङ निवासी सवैमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११
गाउपालिकाका निम्न योजना तथा कार्यक्रमहरु सञ्चालनको लागि सिञ्चाई मन्त्रालय, सिञ्चाई विभागमा माग गर्ने निर्णय गरियो ।
१.वाहुनटार सिञ्चाई योजना वेनीघाट रोराङ ५
२. विशालटार सिञ्चाई योजना वेनीघाट रोराङ ५
३. रिचोकटार सिञ्चाई योजना वेनीघाट रोराङ ३
४. धुषटार खत्रिटार सिञ्चाई योजना वेनीघाट रोराङ ७
५. भल्टार सिञ्चाई योजना वेनीघाट रोराङ २

Scanned with CamScanner

निर्णय नं. १२

यस गाउपालिकाको निम्न योजना तथा कार्यक्रम आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम (वजेट) मा समावेश गरिदिन वागमति प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१. ताल्ती सिमटार व्रुम्दी कैलास सडक निर्माण वेनीघाट रोराङ १ र २
२. रिचोकटार इराङ सडक निर्माण वेनीघाट रोराङ ३ र ४
३. चरौदी जनगाउ मोहरिया सडक निर्माण वेनीघाट रोराङ ५ र ४
४. चौकी वुमपुङ वोमराङ सडक निर्माण वेनीघाट रोराङ ६
५. चौकी विदाङ नोहकगुफा सडक निर्माण वेनीघाट रोराङ ७ र ८
६. विदाङ भुवाभञ्ज्याङ, चैलिङ, पञ्चलिङ वृहत खानेपानी योजना वेनीघाट रोराङ ८, ९
७. खटौटी पञ्चलिङ चैलिङ सडक निर्माण योजना वेनीघाट रोराङ ९ र ८
८. वुद्ध मार्ग निर्माण योजना वेनीघाट रोराङ १०
९. खहरेखोला तटवन्ध निर्माण वेनीघाट रोराङ ७

निर्णय नं. १३

कोरोना भाइरस (कोभिड १९) को संक्रमण रोकथाम, नियन्त्रण, उपचार तथा राहत वितरण समेतलाई व्यवस्थित गर्नको लागि निम्न कार्यविधि, मापदण्ड, तथा रणनीति स्वीकृत गर्ने निर्णय गरियो ।

क. वेनीघाट रोराङ गाउपालिका, कोरोना भाइरस (कोभिड १९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्वन्धि कार्यविधि, २०७७

ख. वेनीघाट रोराङ गाउँपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्वन्धि मापदण्ड, २०७७

ग. वेनीघाट रोराङ गाउापालिकाको कोरोना भाइरस (कोभिड १९)को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा सञ्चालन समवन्धि कार्यविधि २०७७

घ. वेनीघाट रोराङ गाउपालिकाको कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रण रणनीति २०७७

Scanned with CamScanner